कर्णालीको बजेट

# बजेटको आकारसँगै खर्च गर्ने क्षमता बढाउन सुझाव

**ललित बसेल**
*सुर्खेत, असार १ गते*

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजारको बजेट प्रस्तुत गरेको छ। कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले सोमबारको कर्णाली प्रदेश सभा बैठकमा सो बजेट प्रस्तुत गर्नुभएको हो। बजेटमा चालुतर्फ आठ अर्ब ६० करोड ४५ लाख ५६ हजार अर्थात् २४.३१ प्रतिशत र पुँजीगतर्फ २० अर्ब ७४ करोड ६७ लाख १२ हजार अर्थात् ५८.३१ प्रतिशत रहेको जनाइएको छ। यो बजेट अघिल्लो आवको तुलनामा ७.२८ प्रतिशतले बढी हो।

बजेटमा गुणस्तरीय पूर्वाधार विकास मानव पुँजीको विकास, रोजगारी वृद्धि, प्रविधिमा आधारित कृषि र पर्यटन विकास, लगानी विस्तार, जनमुखी सार्वजनिक प्रशासन, निजी क्षेत्रको सहभागिता र सुशासन तथा विकासमा युवा सहभागितालाई प्राथमिकता दिइएको छ। प्रदेश सरकारले ल्याएको बजेटप्रति सुर्खेतका विभिन्न क्षेत्रले मिश्रित प्रतिक्रिया दिएका छन्। उनीहरूले विगतको तुलनामा बजेटको आकार बढेसँगै खर्च गर्न सक्ने प्रवृत्ति पनि बढाउनुपर्ने सुझाव दिएका छन्।



**पीताम्बर ढकाल, पूर्वडिन**
मध्यपश्चिम विश्वविद्यालय



**धनबहादुर रावत, अध्यक्ष**
नेपाल उद्योग वाणिज्य महासङ्घ
कर्णाली प्रदेश



**कृष्णबहादुर जिसी, सचेतक**
नेपाली कम्युनिस्ट पार्टी

> पूर्वाधार, कृषि र शिक्षाको विकासमा बजेट अपर्याप्त भए पनि बजेटको आकार बढ्नुलाई स्वागतयोग्य मान्नु पर्छ।

> "स्थानीय तहलाई अधिकार सम्पन्नगराउने, निजी क्षेत्रलाई सँगै लैजाने भन्ने योजना स्वागतयोग्य छ।"

> "टुक्रे योजनाले आशा गरे अनुसारको उपलब्धि हासिल हुन सक्दैन। कार्यान्वयन पक्ष कस्तो हुन्छ भनी प्रतीक्षा गर्नुपर्ने हुन्छ।"

नागरिक समाजका संयोजक एवं मध्यपश्चिम विश्वविद्यालयका पूर्वडिन पीताम्बर ढकालले अघिल्लो वर्षको तुलनामा अहिले बजेटको आकार सात प्रतिशतले बढेसँगै खर्च गर्ने क्षमता पनि प्रदेश सरकारले बढाउनुपर्ने बताउनुभयो। उहाँले यस वर्षको बजेटमा छ अर्ब ४१ करोड रकम बचत हुन सक्ने भनेर प्रस्तुत गरिएको र यसले कर्णालीमा खर्च नगरेर बचत गराउनेतर्फ सरकार उद्धत रहेको देखिएको जनाउनुभयो। कर्णाली सरकारको कमजोरी भएको बजेट पनि खर्च गर्न नसक्नुभएको स्मरण गराउँदै उहाँले अब पनि सोही प्रवृत्ति नदोहोऱ्याई खर्च गर्ने क्षमताको विकास गर्नुपर्ने उल्लेख गर्नुभयो। पूर्वाधार, कृषि र शिक्षाको विकासमा बजेट अपर्याप्त भए पनि बजेटको आकार बढ्नुलाई स्वागतयोग्य मान्नु पर्छ, उहाँको प्रतिक्रिया थियो।

यसै गरी निजी क्षेत्रले यस पटकको बजेट केही आशा गर्ने खालको रहेको जनाएको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ कर्णाली प्रदेश अध्यक्ष धनबहादुर रावतले निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने भनिएको हुँदा केही आशा गर्ने खालको बजेट आएको जनाउनुभयो। ठुला योजना स्थापना गर्ने, लगानी भित्र्याउने खालका योजनालाई बजेट समेट्न नसकेको उहाँको भनाइ छ। "स्थानीय तहलाई अधिकार सम्पन्न गराउने, निजी क्षेत्रलाई सँगै लैजाने भन्ने योजना स्वागतयोग्य छ," उहाँले भन्नुभयो, "बजेटको आकार बढ्नु सकारात्मक छ; यो बजेट कार्यान्वयन हुन सकेमा उपलब्धिमूलक हुने छ।"

यस्तै प्रतिपक्ष नेपाली कम्युनिस्ट पार्टीले बजेटमा टुक्रे योजनालाई नै जोड गरेकोमा असन्तुष्टि पोख्नुभयो। पार्टीका सचेतक एवं पूर्वमन्त्री कृष्णबहादुर जिसीले बजेटको अङ्क बढे पनि विषयसँग तालमेल मिल्न नसकेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "टुक्रे योजनाले आशा गरे अनुसारको उपलब्धि हासिल हुन सक्दैन। कार्यान्वयन पक्ष कस्तो हुन्छ भनी प्रतीक्षा गर्नुपर्ने हुन्छ।" राजस्व वृद्धि, आन्तरिक आम्दानी बढाउने लक्ष्यलाई सकारात्मक रूपमा लिइए पनि बजेट अझै पनि यथार्थभन्दा केही परको हुन पुगेको उहाँको भनाइ छ।

# छोरालाई मृत्युदण्डको सजाय, बुवा पैसा जुटाउँदै


**सुर्खेत समाचारदाता**
*सुर्खेत, असार १ गते*

सुर्खेतको सिम्ता गाउँपालिका–३, कल्टुगाउँका २७ वर्षीय पृथ्वीचन्द ठकुरीलाई दुबईमा साथीको हत्या आरोपमा मृत्युदण्डको सजाय सुनाइएको छ।

एकैकोठामा बस्ने पाँच साथीमध्ये सङ्खुवासभाका सुमन विश्वकर्माको हत्याको आरोपमा दुबईमा ठकुरीलाई एक महिनाअघि मृत्युदण्डको सजाय सुनाएको हो।

छोरालाई मृत्युदण्डको सजाय भएको कुरा जेठको पहिलो हप्ता मात्रै सुर्खेतमा रहेको उहाँका परिवारले थाहा पाए। खबर थाहा पाएपछि निम्न वर्गका चन्दको परिवार यतिबेला चिन्तामा डुबेको छ। परिवार ब्लड मनी (मृत्युपूर्ति क्षतिपूर्ति रकम) जुटाउनका लागि भौँतारिएको छ।

पृथ्वीचन्द ठकुरीका बुवा टेकुचन्द ठकुरी अहिले वीरेन्द्रनगरमा सहयोगी मनकारीहरूको खोजी गर्दै हुन्छ। आफ्नो जायजेथा बेच्नुका साथै खोजी गरी करिब १८/१९ लाख रकम जम्मा गर्नुभएको छ। मृत्युदण्डबाट जोगाउनका लागि दुई लाख तीन हजार दुबई मुद्रा अर्थात् करिब एक करोड नेपाली रुपियाँ आवश्यक पर्छ। उहाँले बाँकी रकम जुटाइदिनका लागि सहयोगी निकायसँग आग्रह गरेको जनाउनुभयो।




*तस्बिर : ललित बसेल*
**मृत्युदण्डको सजाय पाएका छोराको जीवनरक्षाका लागि फोटो देखाएर आर्थिक सङ्कलन गर्दै बुवा।**

घरको आर्थिक अवस्था कमजोर भएपछि पृथ्वीचन्द ठकुरी रोजगारीका लागि २०७९ माघ ५ गते दुबई पुग्नुभएको थियो।

परिवारले जानकारी गराए अनुसार सँगै काम गर्ने पाँच जना साथीमध्ये सङ्खुवासभाका सुमन विश्वकर्मासँग अर्को साथीले झगडा गर्दा पृथ्वी छुट्याउन गएको तर साथीले हानेको छुरा लागेर सुमनको मृत्यु भएको थियो।

प्रहरीले अनुसन्धानका क्रममा दोषी ठहर गर्दै अदालतले गत जेठको पहिलो हप्ता मृत्युदण्ड सजायको फैसला सुनाएको बुवा टेकुले बताउनुभयो।

मृतक सङ्खुवासभाका सुमन विश्वकर्माका परिवारसँग आग्रह गरेपछि ब्लड मनी बुझाएपछि सजाय माफी गर्ने भनिए अनुसार अहिले पैसा जुटाउन परिवार लागि परेको छ।

फैसलाको ९० दिनभित्र ब्लड मनी रकम जुटाएर बुझाइसक्नु पर्छ। करिब एक महिना बितिसकेकाले अबको दुई महिनाभित्र झन्डै ८० लाख जुटाउनुपर्ने भएकाले सहयोग गरिदिन हुन बुवा टेकुले सबैसँग आग्रह गर्नुभएको छ।

मजदुरीका लागि भारतमा काम गर्दै आउनुभएका पृथ्वीका बुवा आफ्नो एक्लो छोराको ज्यान बचाइदिन सबैलाई सहयोगको अपिल गर्नुभएको छ।

**त्रिभुवन विश्वविद्यालय**
**इन्जिनियरिङ अध्ययन संस्थान**
**प्रवेश परीक्षा बोर्ड**

**शैक्षिक वर्ष २०८३/०८४ को स्नातक (बी.ई./बी.आर्क.) तहको विद्यार्थी भर्नाका लागि सञ्चालन गरिने प्रवेश परीक्षा सम्बन्धी सूचना**

त्रि.वि., इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूमा शैक्षिक वर्ष २०८३/०८४ का लागि स्नातक (बी.ई./बी.आर्क.) तहका विभिन्न कार्यक्रमहरूमा विद्यार्थी भर्नाका लागि सूचना प्रविधिको आधारमा कम्प्युटर विधि मार्फत सञ्चालन गरिने प्रवेश परीक्षा मिति **२०८३ असार २८ गतेदेखि इन्जिनियरिङ अध्ययन संस्थान, सूचना तथा सञ्चार प्रविधि केन्द्र (ICTC), पुल्चोक ललितपुर, पश्चिमाञ्चल क्याम्पस, पोखरा, पूर्वाञ्चल क्याम्पस, धरान र थापाथली क्याम्पस, थापाथली, काठमाडौं**मा तोकिएको स्थान, समय र सिफ्ट अनुसार सञ्चालन गरिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गत सञ्चालित ५ आङ्गिक क्याम्पसहरू तथा १० सम्बन्धन प्राप्त कलेजहरू निम्नानुसार रहेका छन्।**

| आङ्गिक क्याम्पसहरू | सम्बन्धन प्राप्त कलेजहरू | |
|---|---|---|
| ▪ पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर<br>▪ थापाथली क्याम्पस, थापाथली, काठमाडौं<br>▪ पूर्वाञ्चल क्याम्पस, धरान<br>▪ पश्चिमाञ्चल क्याम्पस, पोखरा<br>▪ चितवन इन्जिनियरिङ क्याम्पस, रामपुर, चितवन | ▪ कान्तिपुर इन्जिनियरिङ कलेज, ललितपुर<br>▪ काठमाडौं इन्जिनियरिङ कलेज, काठमाडौं<br>▪ हिमालय कलेज अफ इन्जिनियरिङ ललितपुर<br>▪ एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट, काठमाडौं<br>▪ नेशनल कलेज अफ इन्जिनियरिङ, ललितपुर | ▪ काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्ट, ललितपुर<br>▪ जनकपुर इन्जिनियरिङ कलेज, भक्तपुर<br>▪ ख्वप: कलेज अफ इन्जिनियरिङ, भक्तपुर<br>▪ सगरमाथा इन्जिनियरिङ कलेज, ललितपुर<br>▪ ललितपुर इन्जिनियरिङ कलेज, ललितपुर |

**सञ्चालित १२ वटा कार्यक्रमहरू निम्नानुसार रहेका छन्।**

| | | | |
|---|---|---|---|
| ▪ सिभिल इन्जिनियरिङ<br>▪ कम्प्युटर इन्जिनियरिङ<br>▪ आर्किटेक्चर | ▪ इलेक्ट्रिकल इन्जिनियरिङ<br>▪ एग्रिकल्चर इन्जिनियरिङ<br>▪ अटोमोबाईल इन्जिनियरिङ | ▪ इलेक्ट्रोनिक्स, कम्युनिकेशन एण्ड इन्फरमेसन इन्जिनियरिङ<br>▪ इण्डष्ट्रियल इन्जिनियरिङ<br>▪ एरोस्पेस इन्जिनियरिङ | ▪ मेकानिकल इन्जिनियरिङ<br>▪ जियोमेटिक्स इन्जिनियरिङ<br>▪ केमिकल इन्जिनियरिङ |

**१. आवेदनका लागि न्यूनतम योग्यता**

१.१. त्रि.वि. वा यसबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिकशास्त्र (Physics), रसायनशास्त्र (Chemistry) तथा ११ र १२ कक्षामा गणित (Mathematics) विषय लिई प्रवीणता प्रमाणपत्र तह वा उच्च माध्यमिक तह वा A Level वा इन्जिनियरिङ डिप्लोमा तह वा सो सरहको परीक्षामा कुल पूर्णाङ्कको कम्तीमा ४५% तथा Letter Grading भएमा (NEB को हकमा) प्रत्येक विषयको Final Grade मा न्यूनतम C Grade प्राप्त गरी उत्तीर्ण गरेका वा कक्षा १२ वा सो सरहको अन्तिम परीक्षामा सम्मिलित भएका वा इन्जिनियरिङ डिप्लोमाको छैटौं सेमेष्टरको परीक्षामा सम्मिलित भएका विद्यार्थीहरूले समेत आवेदन दिई प्रवेश परीक्षामा सहभागी हुन पाउनेछन्।

१.२. विदेशी नागरिकहरूले पूर्णशुल्कीय कार्यक्रममा मात्र आवेदन दिन पाउनेछन्। इ.अ.सं. अन्तर्गत सञ्चालित आङ्गिक क्याम्पसहरूमा पूर्ण शुल्कीय कार्यक्रमको पूर्णशुल्कीय सिटको १/१२ अंश बराबरको सिट विदेशी नागरिकहरूका लागि सुरक्षित गरिएको छ।

**२. आवेदन फाराम भर्ने विधि तथा आवश्यक कागजातहरू**

२.१. इन्जिनियरिङ अध्ययन संस्थानको Website https://entrance.ioe.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फाराम आवेदक स्वयंले भरी Online बाट नै सोही website मार्फत Submit गर्नुपर्नेछ।

२.२. Website मा Online Form मिति २०८३/०३/०३ गते बिहान १०:०० बजेदेखि मिति २०८३/०३/१७ गते साँझ ५:०० बजेसम्म मात्र उपलब्ध हुनेछ। तसर्थ उक्त अवधिभित्र कुनै पनि समयमा परीक्षा फाराम भरिसक्न सूचित गरिन्छ। तोकिएको समय पश्चात् Online फाराम स्वतः बन्द हुनेछ।

२.३. आवेदन फाराम इन्टरनेट सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरूमा कुनै पनि समयमा भर्न सकिनेछ।

२.४. प्रवेश परीक्षा शुल्क बापतको रकम रु. २,५००।- (अक्षरुपी रुपियाँ दुई हजार पाँच सय मात्र) नेपाल भित्रको सिद्धार्थ बैंक लि. को कुनै पनि शाखाबाट इ.अ.सं. प्रवेश परीक्षाका लागि सो बैंकबाट तयार गरिएको विशेष भौचर भरी बुझाएको हुनुपर्नेछ। बैंक भौचर काटिसकेपछि परीक्षा शुल्क बापत बुझाइएको रकम फिर्ता हुनेछैन। आवेदन शुल्क जम्मा गर्न बैंक भौचरको अतिरिक्त सिद्धार्थ बैंकले प्रदान गरेको **Siddhartha BankSmart** सेवा निःशुल्क प्रयोग गर्न सकिनेछ। **Connect IPS/eSewa/Khalti wallet/IME Pay** प्रयोग गरे बापत उक्त सेवाको नियमानुसार अतिरिक्त शुल्क लाग्नेछ। **Connect IPS/eSewa/Khalti wallet/IME Pay** वा **BankSmart** प्रयोग गरी भुक्तानी गर्ने प्रक्रियाका लागि विस्तृत विवरण **https://entrance.ioe.edu.np** मा हेर्न सकिनेछ। **Online** फाराम भर्दा बैंक भौचरको नम्बर वा **Transaction ID Number (Connect IPS/eSewa/Khalti wallet/IME Pay)** अनिवार्य रूपमा भर्नुपर्नेछ।

* **आवेदकहरूले प्रवेश परीक्षा शुल्क मिति २०८३/०३/१७ गते अपराह्न ३:०० बजेसम्म दाखिला गरिसक्नुपर्नेछ। आवेदन फाराम सोही दिन साँझ ५:०० बजेसम्म भरिसक्नुपर्नेछ।**

२.५. आवेदकले फाराम भर्दा दिइएको निर्देशनलाई अनिवार्य रूपमा पालना गर्दै निम्नानुसारका जानकारीहरू भर्नुपर्नेछ।

(क) **आवेदकको परिचय:** आफ्नो र बुवा-आमाको नाम, जन्म मिति, स्थायी ठेगाना, SLC / SEE र I.Sc./10+2/A level/Engg. Diploma वा सो सरहको नतिजा बारेको विवरण, हालसालै खिचिएको 350×300 Pixel को पूर्ण निधार देखिने Plain Background भएको Color Digital Photo हुनुपर्नेछ (अन्य Size को Photo स्वीकार्य हुनेछैन)।

(ख) हरेक मिति, स्थान र सिफ्टमा परीक्षार्थीको सङ्ख्या सीमित हुने भएको हुँदा निवेदकले सकेसम्म चाँडो फाराम भरी आफूलाई अनुकूल हुने परीक्षाको मिति, स्थान तथा सिफ्ट निश्चित गर्नुपर्नेछ। एकचोटी निश्चित गरिसकेको परीक्षाको मिति, स्थान तथा सिफ्ट परिवर्तन हुनेछैन।

२.६. Online फाराम भर्दा आफूलाई परिचय गराउने फोटो र हस्ताक्षर सहितको प्रमाण पत्र (जस्तैः नागरिकताको प्रमाण-पत्र, राष्ट्रिय परिचय पत्र, सवारी चालक अनुमति पत्र, पासपोर्ट, **I.Sc/10+2/Engg. Diploma** को अन्तिम वर्ष/सेमेस्टरको परीक्षाको प्रवेश पत्र) को नम्बर उल्लेख गरी त्यसको Digital छायाँ प्रति पनि Upload गर्नुपर्नेछ।

२.७. Online परीक्षा फाराम भरी Submit गरिसकेपछि तत्कालै प्राप्त हुने **Acknowledgement Page प्रिन्ट (Print)** गर्नुपर्नेछ।

२.८. Online फाराम भरी Submit गरिसकेका आवेदकहरूले बुँदा नं. २.७ मा प्राप्त हुने **Acknowledgement Page** मा आफूले तोकेको मिति, स्थान तथा सिफ्टमा आफ्नो नाम भए, नभएको निश्चित गरी अन्यथा भएमा प्रवेश परीक्षा बोर्डमा मिति २०८३/०३/२३ गते अपराह्न १:०० बजेसम्म सम्पर्क गरिसक्नुपर्नेछ।

२.९. मिति २०८३/०३/२६ गतेपछि परीक्षार्थीहरूको परीक्षा मिति अनुसार चरणबद्ध रूपमा प्रवेश पत्र Online मा उपलब्ध गराइनेछ। उक्त प्रवेश-पत्र Download गरी Color Print गर्नुपर्नेछ। परीक्षामा सामेल हुन उक्त प्रवेश-पत्र अनिवार्य हुनेछ।

२.१०. प्रवेश परीक्षा दिन आउँदा प्रवेश-पत्रको साथै बुँदा नं. २.६ अनुसारको आफ्नो परिचय खुलाउने फोटो सहितको प्रवेश पत्रमा उल्लेख भएको (परीक्षा फाराम भर्दा upload गरिएको) सक्कल प्रमाण पत्र (ID) पनि ल्याउनुपर्नेछ।

**३. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी जानकारी**

३.१. सूचना प्रविधिको आधारमा कम्प्युटर विधि मार्फत सञ्चालन हुने प्रवेश परीक्षामा जम्मा १०० पूर्णाङ्कका लागि १ अङ्कभार भएका १०० वटा वस्तुगत (Objective) प्रश्नहरू हुनेछन्। प्रत्येक गलत उत्तरको ५% का दरले अङ्क घटाइनेछ।

३.२. इ.अ.सं. प्रवेश परीक्षा बोर्डले Website: https://entrance.ioe.edu.np मा प्रकाशित गरेको पाठ्यक्रम अनुसार, Mathematics, Physics, Chemistry र English विषयहरूमा जम्मा दुई घण्टा अवधिको परीक्षा कम्प्युटर विधिबाट लिइनेछ।

३.३. प्रवेश परीक्षा तथा भर्ना सम्बन्धी अन्य थप जानकारी इ.अ.सं. को Website: https://entrance.ioe.edu.np मा पछि उपलब्ध गराइने "प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी विस्तृत जानकारी तथा निर्देशिका -२०८३" बाट प्राप्त गर्न सकिनेछ।

३.४. आङ्गिक क्याम्पसहरूमा विभिन्न सुरक्षित कोटामा (महिला कोटा, शिक्षक/कर्मचारी कोटा, समावेशी विपन्न आरक्षण कोटा, सरकारी र सरकारी स्वामित्व भएका संस्थाहरूका लागि सुरक्षित कोटा, विदेशी नागरिकहरूका लागि सुरक्षित कोटा) भर्ना हुन चाहने परीक्षार्थीहरूले "प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी विस्तृत जानकारी तथा निर्देशिका -२०८३" मा प्रकाशित आवश्यक सम्पूर्ण कागजातहरू इ.अ.सं. को क्याम्पस/कलेज भर्ना तालिका सुरु हुनु अगावै तयार गरिसक्नुपर्नेछ।

३.५. प्रवेश परीक्षाको scorecard परीक्षाफल प्रकाशित भएको मितिबाट एक महिनाभित्र website बाट download गरिसक्नुपर्नेछ।

**द्रष्टव्यः** त्रि.वि. इन्जिनियरिङ अध्ययन संस्थानद्वारा शैक्षिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने स्नातक तह बी.ई./बी.आर्क प्रवेश परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीहरूले नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयको छात्रवृत्ति सम्बन्धी नियमावली अनुसार तोकिएको कानुनी मापदण्ड पूरा गरेमा सो मन्त्रालयद्वारा २०८३/०८४ मा प्रदान गरिने इन्जिनियरिङ विषयहरूका उच्च शिक्षाका छात्रवृत्तिहरूका लागि उम्मेदवार हुन योग्य हुनेछन्।

**पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**संशोधन सम्बन्धमा।**

यस प्रतिष्ठानबाट मिति २०८३/०२/२७ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का नं. PAHS/NCB/LS/08/082/83 को आशय पत्रको सूचनाको सम्बन्धमा देहाय बमोजिम हुनुपर्नेमा अन्यथा भएकाले संशोधन गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**देहायः**

| क्र.सं. | बोलपत्र दाताहरूको नामावली | भएको | संशोधन |
|---|---|---|---|
| १ | Everest Trade Link Nepal Pvt.Ltd. | NPR 34,42,500.00 | NPR 45,000.00 |
| २ | Manasalu Trading Concern Pvt.Ltd. | NPR 36,58,530.00 | NPR 73,33,530.00 |

ब्रह्मपुरी गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**ब्रह्मपुरी सर्लाही**
**(प्रथमपटक प्रकाशित मितिः २०८३।०३।०२)**

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

यस कार्यालयबाट मिति २०८३।०२।०४ गते प्रकाशित सूचना अनुसार पर्न आएको बोलपत्रहरूको मूल्याङ्कनबाट सारभूत रूपमा प्रभावग्राही देखिन आएको बोलपत्रहरू मध्ये न्यूनतम अङ्क कबोल गरेको तपसिलमा उल्लेखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| बोलपत्र नम्बर | विवरण | फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट समेत) |
|---|---|---|---|
| Contract ID No. BRAHMAPURIRURAL /SARL/G/04/2082-83 | Ga.Pa. Bhari Motor Kharid tatha Bitran. | Aditya Trading House, Nepalgunj, Banke. | 31,40,728.78 |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**सिंहदरबार, काठमाडौं।**

**खानी तथा भूगर्भ विभागमा पदाधिकार रहेका नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, जनरल जियोलोजी उपसमूह, जियोलोजिस्ट श्री नारायण अधिकारी (रा.प.तृ.प्रा.) (कर्मचारी सङ्केत नं. २०७८९१) लाई सफाइ पेश गर्ने बारेको सूचना।**

**(प्रकाशित मिति : २०८३।३।२ गते)**

तपाईं आफू कार्यरत रहेको निकाय खानी तथा भूगर्भ विभागमा मिति २०८२।१०।२३ देखि हालसम्म बिना सूचना ९० (नब्बे) दिनभन्दा बढी लगातार अनुपस्थित रहनुभएको देखिएको हुँदा के-कति कारणले अनुपस्थित रहनु भएको हो ? अनुपस्थित रहनुको स्पष्ट कारण सहित बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र निजामती सेवा ऐन, २०४९ को दफा ६६ बमोजिम सफाइ पेश गर्न यस मन्त्रालयको मिति २०८३/३/१ को निर्णयानुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र सफाइ पेश नगरेमा तपाईंलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) को कसुरमा सोही ऐनको दफा ५९ को खण्ड (ख) (१) बमोजिम भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने व्यहोरा समेत सूचित गरिन्छ।

**मधेश प्रदेश सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**डिभिजन वन कार्यालय**
**जनकपुरधाम धनुषा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८३/०३/०२**

यस कार्यालयबाट मिति २०८३/०१/२२ मा प्रकाशित ठेक्का सम्बन्धी सूचना र तत्पश्चात रीतपूर्वक दर्ता भएका बोलपत्र उपर कारवाही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाता | कबोल अङ्क भ्याटबाहेक |
|---|---|---|---|
| DFO–05/082/083 | Hitech Nursury Construction of DFO Dhanusha Nursury Area | Ganesh Khushbu Nirman Sewa | 45,99,695.51 |

**मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**जनकपुरधाम, धनुषा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३।०३।०२**

यस प्रतिष्ठानको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार यस प्रतिष्ठानको तपसिलका ठेक्काका लागि पेश भएका बोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिई उक्त बोलपत्रहरू स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ उक्त बोलपत्रहरूको कार्यमा सहभागी सबै बोलपत्र दाताहरू/आपूर्तिकर्ताहरूका लागि ३ (तीन) दिनको आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | प्रकाशन मिति | ठेक्का नं. | आइटम नम्बर | छनोट भएको दरभाउपत्र दाताको नाम | सबैभन्दा कम कबोल अङ्क (VAT बाहेक) |
|---|---|---|---|---|---|
| 1 | 07/05/2026 | MIHS/NCB/GOODS/2082-83/12,The Procurement of Supply and delivery of Furniture For Educational Building. | 1,2,3,4,5,6,10,12 | Durga Teade Link | 6,61,772.00 |
| 2 | | | 7,8,9,13 | R.D Furnishing and Supplier | 7,97,000.00 |

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**नेपाल आयल निगम लिमिटेडको कार्यकारी निर्देशक नियुक्तिका लागि गठित सिफारिस समितिको**

**दरखास्त आह्वान सम्बन्धी सूचना।**

**प्रकाशित मिति : २०८३/०३/०१**

नेपाल आयल निगम लिमिटेडको रिक्त कार्यकारी निर्देशक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा नियुक्ति गर्नुपर्ने भएकाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र (कार्यालय समयमा) मन्त्रालय (सरकारी उद्योग तथा संस्थान शाखा) सिंहदरबार, काठमाडौंमा दरखास्त दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै, आवश्यक योग्यता, अनुभव, पेश गर्नुपर्ने कागजात लगायतका विस्तृत विवरण मन्त्रालयको वेबसाइट www.moics.gov.np मा प्रकाशन गरिएकोले सोबाट जानकारी लिनुहुन र थप बुझ्नुपर्ने भएमा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखाको फोन नं. ०१-४२११४९९ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।